९०८३

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४४८/२०७२/०७३

निर्णय नं. ६५५

सुनसरी जिल्ला धरान न.पा. १३ उदयमार्ग बस्ने सबिन पोखेल ......................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, विजयपुर हस्पिटल प्रा.लि, धरान ......................................................१ विपक्षी

सूचना अधिकारी, विजयपुर हस्पिटल प्रा.लि, धरान ......................................................१

**विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।**

सुनसरी जिल्ला धरान न.पा. १३ उदयमार्ग बस्ने सबिन पोखेलले विजयपुर हस्पिटल प्रा.लि, धरान समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१८ मा पुनरावेदन गरेको । सो सम्वन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम विजयपुर हस्पिटल प्रा.लि, धरानलाई मिति २०७२।०७।२९, च.न ४०२ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त विजयपुर हस्पिटल प्रा.लि, धरानको मिति २०७२।०९।०७, च.नं.५०, को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी सो को जानकारी बोधार्थ मार्फत पुनरावेदकलाई पनि गराएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।